"सुखमा एमाले, दुःखमा एमाले, नागरिकको घर दैलोमा एमाले"

"सुशासन, समृद्धि र समाजवादको आधारः कावासोती नगरपालिकामा एमालेको सरकार"

## नेकपा (एमाले) कावासोती नगरपालिकाको

# प्रतिवद्धता-पत्र

### स्थानीय तह निर्वाचन, २०७९

## भूमिका

नेपालमा लिच्छवि र किराँत कालदेखि नै शुरू भएको स्थानीय निकायको अवधारणाअन्तर्गत जंगबहादुर राणाले नेपाललाई ६९ प्रशासनिक एकाइमा विभाजन गरेका थिए । वि.सं. २०१३ सालमा ७ क्षेत्र, ३२ जिल्ला र ७६ उपक्षेत्र कायम गरिएको थियो । २०१७ सालमा तत्कालीन राजा महेन्द्रद्वारा संसदीय व्यवस्था भङ्ग गरी निर्दलीय पञ्चायती व्यवस्था स्थापना गरेपछि १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरियो । पञ्चायती कालमा ४०२२ सम्म गाउँ पञ्चायत कायम गरिएका थिए । २०४६ सालको जनआन्दोलनबाट पश्चात पञ्चायती व्यवस्थाको अन्त्य भयो र बहुदलीय राजनीतिक व्यवस्था सुरूवात भयो । २०४७ सालको नेपाल अधिराज्यको संविधान लागू भए पश्चात् २०४९ साल र २०५४ सालमा प्रचलित कानुन अनुसार स्थानीय निकायको निर्वाचन सम्पन्न भए । २०५४ को स्थानीय निकायको निर्वाचनमा ७५ जिल्ला विकास समिति र तिनका इलाका, ५८ नगरपालिका, ३ हजार ९ सय गाविस तिनका वडाहरूमा १ लाख ९८ हजार जनप्रतिनिधि निर्वाचित भए । नेपालको संविधान २०७२ को प्रावधान बमोजिम र मन्त्रीपरिषद्को २०७३ फागुन २२ को स्थानीय तह पुनःसंरचना सम्बन्धी निर्णय अनुसार तत्कालीन स्थानीय निकायहरू स्थानीय तहमा परिणत भएका थिए । नयाँ व्यवस्थाअनुसार हाल देशभरि ६ वटा महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका गरी ७५३ स्थानीय तह कायम भएका छन् ।

२०७२ को संविधानपश्चात् नयाँ कायम भएको नवलपरासी ब.सु.पु (नवलपुर) जिल्लाको सदरमुकामको रूपमा रहेको कावासोती नगरपालिकाको स्थापना वि.सं. २०७१ साल बैशाख २५ गते भएको थियो । साविक कावासोती, शिवमन्दिर, पिठौली र अग्यौली गाविस समावेश गरी नगरपालिका कायम भएकोमा राज्यको स्थानीय तह पुनःसंरचना गर्दा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय

२०७३ फागुन २७ गते राजपत्रमा प्रकाशित भएपछि साविक कावासोती नगरपालिका र कुमारवर्ती गाविसलाई मिलाएर हालको नगरपालिकाको क्षेत्र कायम भएको हो। यस नगरपालिकामा १७ वडाहरूमा विभाजन गरी प्रशासनिक कार्य सञ्चालन भएको छ। १०८.३४ वर्ग कि.मी. क्षेत्रफल रहेको यस नगरपालिका ऐतिहासिक, धार्मिक, पर्यटकीय आदि महत्व बोकेको नगरपालिका हो।

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहका एकल अधिकार सूची र अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकार सूचीको व्यवस्था गरिएको छ। तीनै तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित हुने हुँदा राज्यका यी तीनै सङ्घीय एकाईहरू समान रूपमा अधिकार सम्पन्न हुन पुगेका छन्। सरकारका अङ्गहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको रूपमा गाउँ/नगर कार्यपालिका, गाउँ/नगरसभा र न्यायिक समितिको व्यवस्था संविधानको धाराहरू क्रमशः २१४, २१७ र २२१ मा गरी पूर्ण सरकारको स्वरूप दिइएको छ। संविधानले दिएको अधिकारको प्रयोग गर्दै जनताको सबैभन्दा नजिकको सरकार र सुख दुःखको साथीको रूपमा नेकपा (एमाले) ले स्थानीय सरकारमा आफ्नो भूमिका निर्वाह गरिरहेको छ।

अहिलेको विश्वव्यापी कोभिड-१९ सङ्कटको बेलामा क्वारेन्टाइन व्यवस्थापन होस् वा तथ्याङ्क संकलन, कन्ट्र्याक्ट ट्रेसिङ् होस् वा राहत वितरण, समग्र महामारीको व्यवस्थापनमा नेकपा (एमाले) को नेतृत्वमा गठन भएका स्थानीय सरकारले फ्रन्टलाईनमा रहेर सबैभन्दा महत्वपूर्ण भूमिका निर्वाह गरे र अहिले पनि गरिरहेका छन्।

जनताको स्वशासन प्रत्याभूत गर्दै जनताको घर-आँगनमा पुग्न सके मात्रै लोकतन्त्रले सार्थकता पाउने मान्यतामा उभिएर नेकपा (एमाले) सधैं अधिकार सम्पन्न स्थानीय सरकारको पक्षमा दृढताका साथ उभिदै आएको छ। हाम्रो पार्टीका तत्कालीन अध्यक्ष क.मनमोहन अधिकारीका पालामा "आफ्नो गाउँ आफैं बनाऔं" कार्यक्रम लगायत ज्येष्ठ नागरिक एवम् सामाजिक सुरक्षा भत्ताको सुरूवात गरेर आम जनसमुदाय बीच स्थापित भएको छ। नेकपा (एमाले) राष्ट्रियता र स्वाधीनताको रक्षाका निम्ति सदैव प्रतिवद्ध छ। क्षमतावान, दक्ष र जनप्रिय जनप्रतिनिधिहरूबाट मात्र यस क्षेत्रको समृद्धि र विकास सम्भव हुने भएकाले हामी यहाँहरूसमक्ष उपस्थित भएका छौं।



"सुखमा एमाले, दुःखमा एमाले, नागरिकको घर दैलोमा एमाले"

**विगतको समिक्षा**

सार्वभौम नेपाली जनताले निर्माण गरेको नेपालको संविधान २०७२ बमोजिम २०७४ साल वैशाख ३१ गतेदेखि यस क्षेत्रमा स्थानीय तहको निर्वाचन सम्पन्न भएको थियो। सो निर्वाचनमा नेकपा (एमाले) को प्रतिवद्धतालाई यहाँका मतदाताहरूले विश्वास गरेका कारण प्रमुख र उप-प्रमुख सहित दुई तिहाइ सिट प्राप्त गरी नेकपा (एमाले) ले स्थानीय सरकारको नेतृत्व गरेको थियो। सो निर्वाचनमा एमालेले आफ्नो प्रतिवद्धता-पत्रमा उल्लेख गरेअनुसार नै स्थानीय सरकार सञ्चालनका अवधिमा सम्पन्न गरेका प्रमुख कार्यहरू यस प्रकार रहेका छन् :

- स्थानीय सरकार सञ्चालनका क्रममा यस अवधिमा करिब ६४ दशमलव ५ किलोमिटर सडक कालोपत्रे, १२८ किलोमिटर सडक ग्राभेल र नगरका विभिन्न स्थानमा करिव १० किलोमिटर पिच सडक मर्मत तथा भित्री सडकहरू मोजाइक टायल लगाउने,
- नगरभित्र करिव ६७ दशमलव ८ किलोमिटर पक्की नाला तथा नगरका विभिन्न वडाहरूमा ९५ भन्दा बढी कल्भर्ट निर्माण,
- नगरका विभिन्न स्थानमा १९०० सडक बत्ती जडान भएको छ भने ८०० भन्दा बढी विद्युत पोलसहित विभिन्न स्थानमा विद्युतीकरण।
- कावासोती खानेपानीसँगको सहकार्यमा वडा नं. ४, १२, १३ र १७ मा टंकी निर्माण र वडा नं. ४ र १५ मा पाइपलाइन विस्तार,
- नगरको गौरवको आयोजना अन्तर्गत कावासोती चक्रपथको १० किलोमिटर कालोपत्र निर्माण, हरित शहर निर्माण अभियानमा वडा नं. ११, १२, १५ र १७ का भित्री मूल सडकको दुबैतर्फ वृक्षरोपण।
- नगरपालिकाको बहुउद्देश्यीय भवन निर्माण भई प्रशासनिक कार्य सञ्चालन भएको, वडा नं ४, ५, ७, ८, ९ र १५ को कार्यालय भवन सम्पन्न भएको र वडा नं. १, २, ३, ६, ११, १३ र १६ को कार्यालय चालु आ.व.मा सम्पन्न हुँदै,
- रेडक्रससँगको सहकार्यमा ब्लडबैंक स्थापना तथा अल्पकालीन भण्डार निर्माण तथा एक वडा एक खेलमैदानअन्तर्गत नगरका खेलमैदानहरू स्तरोन्नति,
- मानव वन्यजन्तु द्वन्द व्यवस्थापनका लागि वडा नं. ७, १०, ११, १२, १३, १५

र १७ मा १९ किलोमिटर मेसजालीसहितको आरसीसी पर्खाल मध्ये ८ किलोमिटर निर्माण सम्पन्न,

- साविकका गाविस भवन रहेका वडा कार्यालयको स्तरोन्नती एवम् वडा नं. १६ मा आदिवासी थारू संग्रहालयको भवन निर्माण,
- विपन्न आवास कार्यक्रमअर्न्तगत ८८ वटा घरहरूको निर्माण गरी हस्तान्तरण भएकोछ भने चालु आ.व.मा थप १७ घर निर्माण चरणमा रहेको,
- नेपाल शहरी शासन तथा पूर्वाधार विकास परियोजनाअन्तर्गत श्रममूलक परियोजना सञ्चालनको क्रममा ३०० मिटर नदी तटबन्ध, ३ दशमलव ४ किलोमिटर नाला निर्माण, ३०३ मिटर कम्पाउण्ड वाल निर्माण सम्पन्न, चालु आ.व.मा यस परियोजनामार्फत ६२८ मिटर नदी तटबन्ध, ५ किलोमिटर पक्की नाला तथा ५७० मिटर तारबारको काम सम्पन्न हुँदै,
- वडा नं. २ मा रहेको कभर्ड हलको निर्माण सम्पन्न र वडा नं. ६ को विष्णुनगर चौर क्षेत्रलाई नगरस्तरीय रङ्गशाला निर्माण गर्न गुरूयोजना निर्माण हुँदै,साथै पोखरी तालको गुरूयोजना निर्माण गरी ताल निर्माण, बाटो तथा पार्क स्तरोन्नतिको काम सम्पन्न,
- शहरी विकास मन्त्रालयको सहयोगमा भू-उपयोग योजना र एकीकृत विकास परियोजनाअन्तर्गत संघीय सरकारको समन्वयमा २०० भन्दा बढी घरमा खरको छानोलाई विस्थापना,
- वडा नं. १४ मा नगरपालिका, प्रदेश सरकार, केन्द्र सरकार र रिटर्नी माइग्रेट नेपालको संयुक्त लगानीमा अत्यधुनिक कोल्ड स्टोर निर्माण हुने गरी ठेक्का प्रक्रिया सम्पन्न भएको छ भने १७ नं. वडामा सामुदायिक बिउ बैंक निर्माण,
- १०० भन्दा बढी मन्दिर, २५ भन्दा बढि सामुदायिक भवन तथा क्लवको भवन स्तरोन्नति तथा नयाँ निर्माण सम्पन्न, साथै वडा नं. ३, ५, ८ र १२ मा गुम्बाको निर्माण तथा स्तरोन्नति,
- प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा कावासोती फलफूल चोक-बालुवाडाँडा-पोखरा सडक निर्माणको कार्य आरम्भ,
- नगरभित्रका सामुदायिक विद्यालयका बालकक्षाका शिक्षक एवम् विद्यालयका कर्मचारीहरूको तलव मासिक रू. १५,०००/- भन्दा माथि कायम र अङ्ग्रेजी



"सुखमा एमाले, दुःखमा एमाले, नागरिकको घर दैलोमा एमाले"

माध्यममा अध्ययन गर्ने विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तकको व्यवस्था ।

**समृद्ध नेपाल र सुखी नेपाली**को मुल मर्मलाई आत्मसाथ गर्दै नेकपा (एमाले) को नेतृत्वमा गठन भएका संघीय, प्रदेश एवम् स्थानीय सरकारले विभिन्न योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । यसले संघीयता, समृद्धि र समाजवादको आधारशीला निर्माणमा योगदान गर्नेछ । यस ऐतिहासिक अवसरमा समृद्ध र सबल नेपाल निमार्णका निम्ति प्रतिबद्धता र सङ्कल्पसहित नेकपा (एमाले) कावासोती नगरपालिका पुनः अपिल गर्दछ ।

नेकपा (एमाले) सँग कावासोती नगरपालिकालाई समृद्ध र समुन्नत बनाउने स्पष्ट योजना छ । २०७४ सालको स्थानीय तहको निर्वाचनमा प्रतिवद्धता व्यक्त भएका अधिकांश कामहरू सम्पन्न भएका तर केही काम सम्पन्न हुने चरणमा रहेको हुनाले बाँकी काम समयमै सम्पन्न गर्नका लागि एमालेको सरकारको आवश्यकता रहेको छ । सबै क्षेत्र, वर्ग र समुदायको समानुपातिक विकास गर्दै प्रतिव्यक्ति आयमा वृद्धि गरी आत्मनिर्भर जनता, स्वच्छ, सफा तथा सुशासनयुक्त नमुना नगरपालिका बनाउने हाम्रो ध्येय हो । तसर्थ नेकपा (एमाले)का सूर्य ध्वजावाहक उम्मेदवारहरूलाई सूर्य चिन्हमा मतदान गरी अत्यधिक बहुमतले विजयी गराउनुहुन आम जनसमुदायहरूलाई अपिल गर्दछौं । स्थानीय निर्वाचन २०७९ को प्रतिबद्धता-पत्रमार्फत् हाम्रा अल्पकालीन,मध्यकालीन र दीर्घकालीन योजना तथा कार्यक्रमहरूको विस्तृत प्रतिबद्धता व्यक्त गरेका छौँ । यस स्थानीय तह निर्वाचनमा कावासोती नगरपालिकामा नेकपा (एमाले) विजयी भएमा निर्वाचित जनप्रतिनिधिहरूमार्फत् सम्पादन गरिने कामको विवरण निम्नानुसार व्यक्त गर्दछौं :

**हाम्रा प्रतिबद्धताहरु**

**१) नीति, कानुन तथा योजना तर्जुमा एवम् कार्यान्वयन**

- भू-उपयोग नीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- नगरपालिकको प्रोफाइल अद्यावधिक गरी सोहि बमोजिम विभिन्न योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- भवन निर्माण, खाद्य पदार्थ एवम् स्वास्थ्यसम्बन्धी विभिन्न मापदण्डहरू तयार गरी कार्यान्वयन गरिनेछ ।
- दीर्घकालीन,आवधिक एवम् वार्षिक योजना, गुरूयोजना एवम् विभिन्न क्षेत्रगत

योजनाको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

- स्थानीय सरकार संचालनका लागी बाँकी वा परिमार्जन गर्न आवश्यक ऐन, कानुन, नियमावली, कार्यविधि, निर्देशिका आदि तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

## २) शिक्षा

- प्रारम्भिक बालविकास तथा शिक्षामा निश्चित भौगोलिक दूरीमा सबै बालबालिकाको पहुँच रहने गरी विद्यालय नक्सांकन तथा अन्य आवश्यक व्यवस्था मिलाइनेछ ।
- संविधानको प्रावधान बमोजिम सामुदायिक, गुठी र सहकारी विद्यालय स्थापनालाई प्रोत्साहन गरिनेछ भने प्रभावकारी मापदण्ड तयार गरी संस्थागत विद्यालयको अनुगमन तथा व्यवस्थापन गरिनेछ ।
- नगरमा सञ्चालित प्राविधिक धारका विद्यालयहरूको थप प्रभावकारिता तथा अन्य फरक प्राविधिक धारका विद्यालय सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ । प्राविधिक विद्यालयमा अध्ययन गर्नका लागि हरेक वडाबाट विपन्न व्यक्तिहरूका लागि नीतिगत रूपमा छात्रवृत्तिको व्यवस्था गरिनेछ र अध्ययनपश्चात् रोजगारीका लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।
- अल्पसंख्यक, अपाङ्ग (रातो कार्ड भएका) तथा सीमान्तकृत समुदायबाट विद्यावारिधी (PhD) अध्ययन गर्दा वार्षिक रू.१५,०००। - अनुदान प्रदान गरिनेछ ।
- दिगो विकास लक्ष्य, संघ र प्रदेशको नीति तथा योजनासमेतका आधारमा स्थानीय आवश्यकता अनुसारको दीर्घकालीन शिक्षा नीति तथा सामुदायिक विद्यालय शिक्षाको गुणस्तर सुधारका योजना, शिक्षामा लैङ्गिक समानता र विद्यालय छोड्ने दरमा न्यूनीकरणका लागि नगरको शैक्षिक रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- हरेक वर्ष नगरपालिका, प्रदेश सरकार, संघीय सरकार समेतको समन्वयमा नयाँ विद्यालय भवन निर्माण, पुस्तकालयको व्यवस्था (इ-लाइब्रेरीसमेत), विद्यालय खेलकुदमैदान निर्माण, थप विद्यालय कक्षा कोठा निर्माण, विद्यार्थीका निश्चित अनुपातमा शिक्षकको व्यवस्था गरिनेछ ।
- विद्यालयमा बालमैत्री शौचालयको व्यवस्था, स्यानिटरी प्याडको नियमित र भरपर्दो वितरण, बालिका छात्रवृत्ति, कम्तीमा एक स्वास्थ्य परिचारिकाको





व्यवस्था,एवम्अन्य प्रोत्साहन कार्यक्रम (पोशाक, विद्यालय खाजा, पाठ्य सामग्री आदि) सञ्चालन गरिनेछ ।

- सामुदायिक विद्यालयहरूमा तुलनात्मक रूपमा योग्य र तत्पर प्रधानाध्यापकहरूको व्यवस्था गर्ने र नतिजाप्रति प्रतिवद्ध हुनुपर्ने विधिको निर्माण र अभ्यास गरिनेछ ।
- प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयहरूमा **एक विद्यालय-एक व्यावसायिक सीप विकास** कार्यक्रम सञ्चालन गरी विद्यालय तहबाटै श्रमप्रतिको सम्मान र सीप विकासको अवसर प्रदान गरिनेछ ।
- नगरमा सञ्चालित क्याम्पसहरूसँगको सहकार्य र समन्वयमा विश्वविद्यालय स्थापनाको प्रक्रिया अगाडि बढाइनेछ ।
- नगरमा सञ्चालनमा रहेका क्याम्पसहरूलाई अवस्था हेरी भवन निर्माण तथा शैक्षिक सुधार योजनाका आधारमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।
- नगरका प्रमुख स्थानहरूमा स्थानीय पुस्तकालय तथा वाचनालयको स्थापना, विकास एवम् व्यवस्थापन गरिनेछ ।
- विद्यालय व्यवस्थापन समितिको प्रभावकारी प्रबन्ध, अभिमुखीकरण र जवाफदेहिताका लागि नगर शिक्षा ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- स्थानीय आवश्यकताको प्राविधिक शिक्षालाई जोड दिई विभिन्न तालिम केन्द्र स्थापना गरी मानव संसाधन सीप विकास गरिनेछ ।
- संस्थागत विद्यालयहरूको प्रभावकारिताका लागि आवश्यक नीतिगत र कानुनी व्यवस्था गरी त्यस्ता शैक्षिक संस्थाहरूलाई थप सेवामूलक बनाइनेछ ।
- वार्षिक रूपमा कक्षा ३, ५ र ८ को नगरस्तरीय परीक्षाबाट विद्यार्थी उपलब्धि परीक्षण गरी प्राप्त नतिजाका आधारमा सुधारका उपाय र पुरस्कार तथा दण्डलाई व्यवस्थित गरिनेछ ।
- शैक्षिक संस्थाहरूलाई बजारको मागअनुसारका पाठ्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- विद्यालय शिक्षा निःशुल्क भनिएता पनि विभिन्न वहानामा अभिभावकहरूबाट शुल्क लिइएको हालको अवस्थामा सुधार गरी क्रमशः माध्यमिक तहसम्म अभिभावकहरूबाट शिक्षाका नाममा कुनै पनि शुल्क नलिइने व्यवस्था गरिनेछ ।
- शिक्षकहरूको आवधिक रूपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिनुका साथै शिक्षकको पेसागत क्षमता विकासका लागि पेसागत विकास कार्यक्रम

सञ्चालन गरिनेछ ।

- विद्यालयहरूमा मापदण्ड अनुसारको बसाई व्यवस्था, सरसफाई, सिकाई सामग्री र प्रविधिसहितको भौतिक पूर्वाधार विकासको लागि लगानीमा प्राथमिकता दिइनेछ ।

**३) स्वास्थ्य**

- आधारभूत स्वास्थ्य सेवा जस्तो नागरिकको मौलिक हक सुनिश्चित गर्न नगरभित्र हाल सञ्चालनमा रहेका स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरूको वाँकी भवन निर्माण गरी स्वास्थ्य सेवालाई थप व्यवस्थित गरिनेछ ।
- कुमारवर्ती स्वास्थ्य चौकीलाई नगर अस्पतालको रूपमा संचालन गरिनेछ ।
- नगरको उपयुक्त स्थानमा प्रसूति र बाल स्वास्थ्य अस्पताल सञ्चालन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरूलाई स्रोत साधनयुक्त बनाउदै लगिनेछ र हाल सञ्चालनमा रहेका स्वास्थ्य चौकीहरूमा प्रयोगशाला सेवा सुरू गरिनेछ ।
- अति विपन्न, अपांगता भएका, सीमान्तकृत, अशक्त, सहिद परिवार तथा एकल महिला परिवारलाई स्वास्थ्य बीमा वापतको रकमको ५० प्रतिशत अनुदान नगरपालिकाले उपलब्ध गराउनेछ ।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरूले स्वास्थ्य क्षेत्रमा पुऱ्याउनु भएको योगदानको कदर गर्दै क्रमशः थप प्रोत्साहन भत्ता प्रदान गरिनेछ ।
- खाद्यवस्तुको मापदण्ड निर्धारण गरी खाद्यपदार्थको नियमन र गुणस्तर व्यवस्थापनको प्रबन्ध मिलाइनेछ ।
- समयसमयमा स्वास्थ्य सेवा शिविर सञ्चालन, प्रजनन स्वास्थ्य, पोषण सेवा सम्बन्धी कार्यहरू सञ्चालन गरिनेछ ।
- सहकारी स्वास्थ्य सेवाको स्थापना तथा विस्तारका लागि प्रोत्साहन एवम् निजी क्षेत्रको स्वास्थ्य सेवाको लागत र गुणस्तर अनुगमनको लागि मापदण्ड तयार गरिनेछ ।
- वयस्क महिलाप्रति हुनेव्यवहार, हिंसा र भेदभावको अन्त्य गर्ने तथा स्वास्थ्य तथा सरसफाइ सम्बन्धी जनचेतनामा अभिवृद्धिका लागि विशेष कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ ।





- कावासोती ८ मा रहेको आयुर्वेद अस्पतालको सेवालाई थप विस्तार गरी प्रभावकारी बनाइनेछ ।
- सङ्घ, प्रदेश एवम् सामुदायिक तथा निजी क्षेत्रसँगको पहल, समन्वय र सहकार्यमा भएका अस्पतालको सेवा विस्तार, सञ्चालन तथा स्वास्थ्य सेवा सँग सम्बन्धित कार्य सम्पादन गरिनेछ ।
- ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य बिमा कार्यक्रममा जोड्ने, स्वास्थ्य केन्द्र तथा अस्पतालबाट निःशुल्क वितरण हुने औषधिको अनुगमन, विपन्न तथा अपाङ्गता भएका व्यक्तिको सहज औषधोपचारको प्रबन्ध मिलाइनेछ ।
- नगरपालिका, प्रदेश सरकार, संघीय सरकार तथा नेपाल नेत्रज्योति सङ्घसँगको समन्वयमा जग्गा व्यवस्थापन तथा अस्पताल निर्माण गरी आँखा तथा कानको उपचार सेवालाई सहज र सरल बनाइनेछ ।
- मुटु, फोक्सो, कलेजो तथा मृगौलासम्बन्धी रोग र क्यान्सरका विरामीहरूको स्वास्थ्य उपचार खर्चमा ३३ प्रतिशत अनुदानको व्यवस्था गरिनेछ ।
- शारीरिक अशक्तता र मानसिक स्वास्थ्य समस्याको रोकथाम र नियन्त्रणका लागि पुनर्स्थापना सेवा र मनोसामाजिक विमर्श सेवा केन्द्र स्थापना गरिनेछ ।
- स्वस्थ-भान्सा, स्वस्थय-परिवार तथा **"एक घर, एक करेसाबारी"** स्थापनाका लागि अभियान सञ्चालन गरीनेछ । यसका लागि बहुपक्षीय संलग्नता र समुदायको सहभागिता सहित व्यापक जनचेतना अभिवृद्धि गरिनेछ ।
- बहुआयामिक भवन निर्माण गरी योग, ध्यान, मनोसामाजिक परामर्श तथा ज्येष्ठ नागरिक मिलन केन्द्रसमेत हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- हाम्रो सरकारको पालामा सञ्चालन गरेको र अत्यन्त लोकप्रिय रहेका विद्यालय नर्स कार्यक्रमलाई अझ परिस्कृत गरी स्थानीय तहका सामुदायिक तथा संस्थागत सबै प्रकारका माध्यमिक विद्यालयसम्म पाँच वर्षभित्र अनिवार्य र आधारभूत विद्यालयमा क्रमशः लागू गर्दै लगिनेछ ।
- स्थानीय तहलाई मदिरा, सुर्तीजन्य पदार्थ र अस्वस्थकर खानेकुरा रहित बनाई स्वस्थ नागरिक, सम्बृद्ध समाज निर्माणको अभियान सञ्चालन गरिने र खाद्य मिसावटलाई नियन्त्रण र दण्डित गरिनेछ ।
- वडा नं. १७ मा सञ्चालित स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी एक मेडिकल अधिकृतसहितको सेवा विस्तार गरिनेछ ।
- नगर आफैले एबुलेन्स सेवा उपलब्ध गराउने, स्थानीय अस्पतालहरूबाट २४

घण्टा/३६५ दिन एम्बुलेन्ससहितको आकस्मिक सेवा उपलब्ध गराउने र मध्यविन्दु जिल्ला अस्पताललाई शिक्षण अस्पताल (Medical College) मा परिणत गर्दै सवारी दुर्घटना आदिबाट आउने घाइतेको आकस्मिक उपचार गर्न सक्ने गरी ट्रमा उपचार केन्द्रको रूपमा विकास गरिनेछ ।

**४) खानेपानी तथा ढल निकास**

- पूर्व पश्चिम राजमार्गसँग जोडएका नगरका वडा नं. २, ३, ८, ९ र १६ वडाहरूमा ढल निकासका लागि नाला निर्माण गरी संकलित फोहोर प्रशोधन गरी व्यवस्थापन गरिनेछ र क्रमशः अन्य वडाहरूमा समेत ढल निकास विस्तार गरिनेछ ।
- नगरका सबै वडाहरूमा आधारभूत खानेपानी आपूर्ति तथा स्वच्छ पानी वितरणका लागि **“एक घर एक धारा कार्यक्रम”** लागू गरिनेछ ।
- नगरका विभिन्न क्षेत्रमा रहेका जलाधार तथा खानेपानी मुहानहरूको संरक्षण गरिनेछ ।

**५) फोहोरमैला व्यवस्थापन र सरसफाई**

- फोहोर मैला व्यवस्थापनको गुरूयोजना तर्जुमा गरी हाल कायम व्यवस्थालाई थप परिस्कृत गरी दीर्घकालीन समाधानको विधि अवलम्वन गरिनेछ ।
- फोहोरमैला सङ्कलन, प्रशोधन, पुनप्रयोग तथा व्यवस्थापनमा सार्वजनिक,निजी साझेदारी विधि अपनाइनेछ ।
- नगरका १७ वटै वडाहरूमा फोहोर व्यवस्थापन गर्ने प्रबन्ध मिलाईनेछ ।

**६) विद्युतीकरण र आधुनिक ऊर्जा**

- सङ्घीय सरकार तथा प्रदेश सरकारका विभिन्न निकायहरूसँगको समन्वय तथा सहकार्यमा नगरभित्र बाँकी रहेका विद्युतीकरणसम्बन्धी कार्यहरू सम्पन्न गरिनेछ ।
- औद्योगिक क्षेत्र स्थापना गरी विद्युतीकरण गरिनेछ ।
- कृषि उत्पादनका लागि विद्युत सेवा विस्तार गरी कृषिका लागि मिटर जडान शुल्क वापत अनुदान प्रदान गरिनेछ ।

**७) जलस्रोत तथा सिँचाइ पूर्वाधार**

- भूमिगत सिँचाइ, कुलो तथा नहर मर्मत, पोखरी ताल तथा टरूवा ताल जस्ता





जलाधारका उपायबाट सङ्घ र प्रदेशको सहकार्यमा संभाव्य सबै कृषियोग्य क्षेत्रमा ५ वर्षभित्रै सिँचाइ सुविधा पुऱ्याइनेछ ।
- स्थानीय जलाधार क्षेत्र संरक्षण, बाढी पहिरो नियन्त्रण, जलउत्पन्न सबै प्रकारका जोखिम न्यूनीकरण,पर्यटन तथा जल यातायातजस्ता क्षेत्रमा बहुउपयोग हुनेगरी विकास गर्ने ।
- नहर,कुलो,इनार, स्यालो ट्युवेल तथा डिप ट्युवेलमा लगानी गरी कृषि उत्पादनमा प्रवर्द्धन गरिनेछ । कृषि र पशुपालनमा अनुदानको व्यवस्था गर्दै वैज्ञानिक कृषि प्रणालीलाई प्राथमिकता दिँदै नगरको विभिन्न स्थानमा कृषि उपज खरिद विक्री केन्द्रको स्थापना गरिनेछ ।
- नारायणी नदी तटीय क्षेत्रमा तटबन्ध गरी अन्य पालिकाहरूसँगको समन्वयमा पर्यटकीय सडक निर्माण गरिनेछ ।
- नगरभित्रका केरूङ्गे खोला, पत्थर खोला, लोकाहा खोला लगायतका खोलाहरूको नियन्त्रणका लागि तटबन्ध गरी हरित सडक र पैदल मार्ग निर्माण गरिनेछ ।

**८) सडक तथा यातायात**

- कावासोतीको इन्द्रचोक र थकाली चोक (नमुना सदरमुकाम प्रवेश स्थल) मा आकाशे पुल निर्माण गरिनेछ ।
- नगर बस पार्कलाई सम्पन्न गरिनेछ । साथै पूर्व-पश्चिम राजमार्गको मुख्य मुख्य क्षेत्रमा संघीय एवम् प्रदेश सरकारसँगको समन्वयमा पार्किङ क्षेत्र विकास गरिनेछ । नगर यातायातको सञ्चालन, आटो पार्कको स्थापना गर्दै नगरभित्र सञ्चालनमा रहेका यातायातको भाडा निर्धारणको समुचित व्यवस्था गरिनेछ ।
- नगर क्षेत्रका हकमा ट्राफिक व्यवस्थापनसम्बन्धी कार्यहरू, ग्रामीण क्षेत्रका हकमा सडक सुरक्षा, दुर्घटना रोकथामका कार्यहरू सञ्चालन गरिनेछ ।
- पर्यावरणमैत्री यातायात सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यहरूलाई प्रोत्साहन दिइनेछ ।
- नगरभित्र सुरू भएको रिङ्गरोड निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । रिङ्गरोडमा परेका जग्गाको मुआब्जा दिइनेछ ।
- रिङ्गरोड तथा अन्य विभिन्न क्षेत्रमा रहेका खोलाहरूमा तथा अन्य स्थानहरूमा आवश्यकताका आधारमा पक्की पुल निर्माण गरिनेछ ।

- सडक तथा यातायात क्षेत्रमा भएको निजी क्षेत्रको परिचालन तथा सहकार्यलाई थप व्यवस्थित गरिनेछ ।
- नगरको उपयुक्त स्थान (वडा नं. १, २, १४, १७) मा हवाई यातायात सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- नगरमा कायम भएका तथा मापदण्ड नपुगेका बाटोहरूलाई एक पटकका लागि नक्साङ्कन गरी मोजाइक टायल लगाइनेछ ।

**९) आवास व्यवस्था**

- सङ्घ र प्रदेशसँगको सहकार्यमा जनता आवास, सुरक्षित आवास, विपद्पीडित आवास तथा दलित समुदायको आवासका कार्यक्रमहरू अघि बढाइनेछ ।
- भवन संहिता र नक्साको मापदण्ड तर्जुमा गरी कार्यान्वयन र नियमित अनुगमन गरिनेछ ।
- घर नक्सा पास प्रणालीलाई सरल र सहज बनाई र घर भवन निर्माणको नियमितअनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।
- नमुना सदरमुकामका सरकारी भवन निर्माणमा संघीय सरकारसँग समन्वय तथा पहल गरिनेछ ।
- भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई नगरको भूमि सम्बन्धी ऐन, कानुन बनाई जग्गा धनी प्रमाण पुर्जा वितरण गरिनेछ ।

**१०) कृषि तथा पशुपछी**

- नगरभित्रका विभिन्न वडाहरूमा कृषि पकेट क्षेत्र घोषणा गरी सिंचाई, विऊ, मल, आधुनिक प्रविधि आदिमा अनुदानको व्यगस्था गरिनेछ ।
- कृषि बिमा प्रबन्धको सहजीकरण, कृषि कर्जाको उपलब्धतामा समन्वय र कृषिउपजको समर्थन मूल्य समयमै निर्धारण गराउने कार्यको थालनी गरिनेछ ।
- कृषि तथा पशु सेवासम्बन्धी प्राविधिक जनशक्तिको प्रभावकारी व्यवस्थापन गरिनेछ ।
- कृषिको उत्पादकत्व वृद्धि, उत्पादनको भण्डारण, प्रशोधन तथा बजारीकरणसम्बन्धी कार्यहरूमा जोड दिदै मूल्य निर्धारण गरिनेछ ।
- कृषक क्षमता विकास, कृषि तथा पशुपछीसम्बन्धी तालिम, प्रविधि प्रचार प्रसार, प्राविधिक सेवा, कृषि सामग्री आपूर्ति सम्बन्धी कार्यहरू सम्पादन गरिनेछ ।



"सुखमा एमाले, दुःखमा एमाले, नागरिकको घर दैलोमा एमाले"

- कृषि अनुदानको सदुपयोग, सहुलियत ऋण र बजारको अनुगमन र निगरानी गर्न अधिकार सम्पन्न संयन्त्र तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- धान उत्पादन र पहिचानको लागि कृषि पकेट क्षेत्र (वडा नं. ७, १०, ११, १२, १३, १४, १५ र १७) घोषणा गरी आवश्यक कृषि औजार र सिंचाइको प्रबन्ध मिलाइनेछ ।
- तरकारी पकेट क्षेत्र (वडा नं. १, ४, ६, ७, १३, १४, १५, १६ र १७) घोषणा गरी विशेष अनुदानको व्यवस्था मिलाइनेछ ।
- माछापालन क्षेत्र पहिचान र व्यवस्थापनलाई प्राविधिकसहित पोखरी निर्माण कार्यका लागि अनुदानको व्यवस्था मिलाइनेछ ।
- कृषि पकेट क्षेत्रको रूपमा तोकिएका वडाहरूमा जग्गा प्लटिङ्ग वा खण्डिकरण हुनेछैन तर अंशबण्डाको हकमा भने खण्डिकरण हुनेछ ।
- दुग्ध उत्पादक कृषकलाई प्रोत्साहन स्वरूप हाल प्राप्त अनुदानलाई वृद्धि गरी प्रति लिटर रू.२.५० अनुदान दिइनेछ ।
- स्थानीय पहिचान खुल्नेगरी खास खाद्यबाली, नगदेबाली, पशुपक्षी, चराचुरूङ्गी र जलचरको विकाका लागि आवश्यक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- पशुपालनका लागि नस्ल सुधार, उन्नत घाँस विकास तथा व्यवस्थापनलाई प्रोत्साहन गरिनेछ ।
- अर्ग्यानिक खेतीको विकास, प्राङ्गारिक मल र जैविक विषादीको उत्पादन,जलवायु परिवर्तनमैत्री कृषि प्रणालीको विकासका लागि ठोस योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- पशु वधशाला तोकिएको स्थानमा सञ्चालन गरिनेछ ।

**११) सहकारी क्षेत्रको विकास**

- स्थानीय सहकारी संस्थाको दर्ता, परिचालन, प्रवर्द्धन, अनुगमन तथा क्षमता अभिवृद्धि गरिनेछ ।
- सञ्चार, आवास, विद्युत, बायोग्याँस, उपभोक्ता,फोहोरमैला सङ्कलन तथा प्रशोधन, प्राङ्गारिक मल उत्पादन गर्नेजस्ता कार्यहरूमा सहकारी संस्थाहरूसँगको सहकार्यलाई जोड दिइनेछ ।

- सार्वजनिक-निजी, सार्वजनिक-सहकारी एवम् सार्वजनिक-सामुदायिक, साझेदारी सम्बन्धी नीति तथा कानुनहरूको व्यवस्था गरी स्थानीय पूर्वाधार प्रवर्द्धन र व्यावसायिक विकाससम्बन्धी कार्यहरू सम्पादन गरिनेछ ।
- बचत तथा ऋण सहकारीका माध्यमबाट उत्पादनमूलक क्षेत्रमा पुँजी परिचालनर वित्तीय पहुँच अभिवृद्धिमा जोड दिइनेछ ।

**१२) भूमि व्यवस्थापन, सहरी विकास तथा बस्ती विकास**

- संवैधानिक व्यवस्थाबमोजिम मालपोत तथा जग्गा सम्बन्धी प्रशासनिक कार्यहरू स्थानीय तहबाट गर्न सङ्घसँग सहकार्य गरिनेछ ।
- भू-उपयोगिता नक्सासहित जमिनको पुनः सर्भे गरिनेछ ।
- योजनाबद्ध, व्यवस्थित एवम् एकीकृत बस्ती विकाससम्बन्धी कार्यलाई प्रोत्साहन गरिनेछ ।
- जोखिमयुक्त बस्ती एवम् घरहरूको स्थानान्तरण तथा व्यवस्थापनमा जोड दिइनेछ ।
- सार्वजनिक जग्गा संरक्षण र विकास तथा व्यवस्थापनका लागि विशेष योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- जग्गा एकीकरण तथा जग्गा विकास र व्यवस्थापनलाई प्रोत्साहन गरिनेछ ।
- वाँकी रहेका नापी नक्सा डिजिटाइजेसन तथा पुनः नापीसम्बन्धी कार्यहरू सञ्चालन गरिनेछ ।

**१३) पर्यटन पूर्वाधार विकास तथा प्रवर्द्धन**

- पर्यटकीय क्षेत्रको विकासका लागि वृहत् आयोजना सञ्चालनका लागि वडा नं. ७, १०, ११, १२, १३ र १ को महाराजाथान मन्दिर क्षेत्रमा विशेष कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- कावासोती १ मा रहेको भ्यू टावरमा पुग्ने सडकको स्तरोन्नति गरिनेछ र सो क्षेत्रमा पर्यटन प्रवर्द्धनका लागि होमस्टे सञ्चालन गर्न अनुदानको व्यवस्था गरिनेछ ।
- नमुना सदरमुकाम क्षेत्रमा जग्गा व्यवस्थापन गरी बालउद्यान निर्माण गरिनेछ ।
- पोखरी ताल र टरूवा तालको निर्माण तथा व्यवस्थापन कार्य शिघ्र सम्पन्न गरिनेछ ।





- पर्यटन प्रवर्द्धन अन्तर्गत सञ्चालनमा रहेका होटल, रेष्टुरेन्ट, होमस्टे, सामुदायिक वनहरूमा पदयात्रा मार्ग, पर्यटक गाइड, पर्यटन प्रहरी, जटायु रेष्टुरेन्ट, बालुवा डाँडा प्याराग्लाइडिङ, हेलिप्याड, पर्यटक बाहन लगायतका कार्यहरूको प्रवर्द्धन र विकाससम्बन्धी कार्यहरू गरिनेछ ।
- संघीय सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा पर्यटन सूचना केन्द्रलगायतका पूर्वाधार तथा सेवा सुविधाहरूको विकास तथा व्यवस्थापन गरिनेछ ।
- नगरको पर्यटनलाई अमलटारी क्षेत्र, शिवमन्दिर क्षेत्र, महाराजा थान क्षेत्र, लामिचौर क्षेत्र गरी चार क्षेत्रमा विभाजन गरी व्यवस्थित गरिनेछ ।
- पोखरी ताल, टरूवा ताल, सिलोट घोल, डण्जोर खोला तथा अन्य ताल तलैयाहरूमा जल सफारीको व्यवस्था मिलाइनेछ भने सामुदायिक वन तथा वन्यजन्तु संरक्षण गरी पर्यटन विकास गरिनेछ ।
- वडा नं. २, ३, ६, १६ र १७ मा पार्क निर्माण गरिनेछ ।

**१४) कला, संस्कृति तथा पुरातात्विक सम्पदा**

- स्थानीय सांस्कृतिक मेला (एकादशी मेलाः पिठौली तथा गुन्द्रही), पर्व एवम् जात्राहरूको सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।
- ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवम् पुरातात्विक महत्त्वका सम्पदाहरूको जीर्णोद्धार, संरक्षण र संबर्धनसम्बन्धी कार्यहरू गरिनेछ ।
- मठमन्दिर, गुम्बा, चर्च, मस्जिद, धर्मशाला, पाटी पौवा, अहिंसा बुद्ध पार्क, चौतारो लगायतका धार्मिक तथा ऐतिहासिक सार्वजनिक सम्पदाको संरक्षण र विकास गरिनेछ ।
- नगरमा विद्यमान घोसरघाट तथा अमलटारी दाहसंस्कार घाटहरूलाई अझ प्रभावकारी बनाई विद्युतीय दाहसंस्कार कार्यका लागि योजना बनाइनेछ भने आवश्यकता अनुसार अन्य स्थानहरूमा पनि सुरक्षित र व्यवस्थित दाहसस्कार घाट निर्माण गरिनेछ ।
- विभिन्न जातजातिको भाषा, धर्म, संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्नका लागि निर्माणाधीन राष्ट्रिय थारू सङ्ग्रहालय र अन्य जातजातिको सङ्ग्रहालय निर्माणका लागि प्रोत्साहित गरी यसलाई पर्यटनसँग जोडिनेछ ।
- नगरका विभिन्न क्षेत्रमा क्रियापुत्री भवन निमार्ण गरिनेछ ।

**१५) युवा तथा खेलकुद**

- नगरमा मूख्य क्षेत्रको पहिचान गरी खेल मैदान निर्माण,कवर्ड हल तथा क्लब भवन, आवश्यक खेलकुदतथा मनोरञ्जनका साधनको व्यवस्था, अन्य पूर्वाधार निर्माण, सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।
- वडा नं ६ मा नगर स्तरीय रंगशाला निर्माणलाई यथाशिघ्र सम्पन्न गरिनेछ ।
- हरेक वर्ष तीन जना उत्कृष्ट युवा उद्यमीलाई सम्मान गरिनेछ ।
- युवा सहकारी स्थापना गरी युवालाई उद्यमशीलतासँग जोडिनेछ ।
- उद्यमको विकास तथा प्रवर्द्धनमा युवा परिचालन तथा प्रत्येक वार्डमा युवाकेन्द्रित उद्यम व्यवसायको प्रवर्द्धन गरिनेछ ।
- छुवाछूत, दाइजो, जातीय तथा लैङ्गिक भेदभाव,अन्धविश्वास, कुसंस्कारजस्ता सामाजिक कुरीति हटाउँदै समाजको रूपान्तरणमा युवाहरूको भूमिका बढाइनेछ ।
- युवाहरूको राजनीतिक संलग्नता र नेतृत्व क्षमता विकास गर्दै सामाजिक,आर्थिक र राजनीतिक माध्यमबाट स्थानीय विकास निर्माणमा युवा परिचालन गरिनेछ ।
- वैदेशिक रोजगारबाट फर्केकाहरूको सीप, पुँजी र अनुभवलाई उद्यम र रोजगारमूलक क्षेत्रमा उपयोग गर्न तथा उनीहरूले सञ्चालन गरेका उद्यम र व्यवसायलाई प्रोत्साहन गर्नका लागि अनुदान कर छुटको व्यवस्थाका लागि आवश्यक ऐन निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**१६) महिला समानता र सशक्तीकरण**

- सबै गर्भवती महिलाले स्वास्थ्य केन्द्रमा गई प्रसूति हुने गरी पूर्वाधार र प्रोत्साहनको व्यवस्था गर्ने तथा गर्भावस्थामा नै पौष्टिक आहार वितरण, स्वास्थ्य परीक्षण, मातृत्व शिक्षा रशिशु स्याहारसँग सम्बन्धित हाल सञ्चालित आमा स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ । स्वास्थ्य नीति अनुरूप स्वास्थ्य परीक्षण गरी सुत्केरी भएमा भत्ता वापत रू.५,०००/- अनुदान उपलब्ध गराइनेछ ।
- महिलाका शिक्षा, स्वास्थ्य,रोजगारी, र सामाजिक सुरक्षा प्रत्याभूत हुने गरी विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक सुनिश्चित गर्न सङ्घ र प्रदेशसँगको सहकार्यमा हाल सञ्चालित आमा सुरक्षा कार्यक्रमलाई थप





प्रभावकारी बनाइनेछ ।

- महिला उद्यमशीलता मार्फत् स्वरोजगारी बढाइने छ र महिलाको समान ज्याला सुनिश्चित गर्ने तथा लैङ्गिक हिंसा, घरेलु हिंसा तथा सामाजिक भेदभाव हटाउनेसँग सम्बन्धित कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- संघीय सरकारसँगको समन्वयमा राष्ट्रपति महिला उत्थान कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

**१७) ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका, अशक्त र पिछडा वर्ग तथा समुदायको उत्थान तथा सामाजिक सुरक्षा**

- गर्भावस्थादेखि युवा, वयस्क, र वृद्धावस्थासम्मका नगरिकहरूका लागि नेकपा एमालेले अघि बढाएका सामाजिक सुरक्षाका विद्यमान व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत सङ्कलन गरी परिचय पत्र वितरण गरिनेछ ।
- स्थानीय पूर्वाधारलाई अपाङ्गता मैत्री बनाउने, अशक्त व्यक्तिका लागि सहजरूपमा आधारभूत सेवा पुग्ने नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।
- बालश्रमको अन्त्य, बालमैत्री शासन तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- स्थानीय तहलाई सडक बालबालिका मुक्त बनाउन अनाथालय,सेवाकेन्द्र तथा आश्रम निर्माण, गैसस र सामाजिक तथा धार्मिक संस्थाहरूसँग सहकार्य, अनाथ, असहाय, अशक्त तथा मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना र व्यवस्थापनको कार्य अगाडि बढाइनेछ ।
- कावासोती ३ मा जग्गा व्यवस्थापन सहित ज्येष्ठ नागरिक मिलनकेन्द्र स्थापना गरी स्वास्थ्य परीक्षण सेवा, उनीहरूको अनुभवको उपयोग सम्बन्धी कार्यका लागि विशेष कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ ।
- अपाङ्ग, सीमान्तकृत, अल्पसंख्यक तथा अति विपन्नका लागि आवास कार्यक्रम सञ्चालन गरिनेछ ।
- असहाय एकल महिला तथा ज्येष्ठ नागरिकहरूका लागि पालिका स्तरीय संरक्षण केन्द्र स्थापना गरी उनीहरूका लागि गुणस्तरीय भोजन, सुरक्षित

आवास तथा नियमित उपचारको व्यवस्था गरिनेछ ।

**१८) गरिबी निवारण तथा रोजगारी सिर्जना**

- गरिबी सम्बन्धी तथ्याङ्क सङ्कलन मार्फत विपन्न वा निरपेक्ष गरिब परिवारको पहिचान गरी गरिबी निवारणकालागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपन्नलाई उत्पादनका साधन उपलब्ध गराई काम, रोजगारी र आय आर्जनको अवसर दिलाइनेछ र त्यो सम्भव नहुनेका लागि सामाजिक सुरक्षा वापत नगदको व्यवस्था गरिनेछ ।
- श्रम गर्न सक्ने र चाहने नगरबासीहरूलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा आबद्ध गरिनेछ ।
- वेरोजगारीका लागि लघु उद्यम तथा उद्यमशीलता विकाससम्बन्धी विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- वैदेशिक रोजगारीमा जानेका लागि न्यूनतम एउटा सीपमूलक तालिम दिने व्यवस्था मिलाइनेछ ।

**१९) वन तथा वातवरण एवम् विपद् जोखिम व्यवस्थापन**

- आवश्यक क्षेत्रमा वृक्षारोपण, वन संरक्षण, मध्यवर्ती सामुदायिक तथा सामुदायिक वनको व्यवस्थापन र निजी वनको विकासका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- रेडक्रस तथा अन्य संघ-संस्थाहरूसँगको समन्वयमा विभिन्न प्रकारका विपद्हरूको सामना गर्न पूर्वतयारी तथा आपतकालीन उद्धार, राहत एवम् पुनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी कार्यहरू तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- हरित सहर विकास कार्यक्रम तर्जुमा गरी वडा नं. १४, १५ र १७ मा हरित सडक निर्माण गरिनेछ भने अन्य क्षेत्रमा क्रमशः सहरी क्षेत्रको सडक हरियाली योजना, गाउँ सहर सौन्दर्यकरण र पार्कहरूको विकास सम्बन्धी कार्यहरूलाई प्रभावकारी बनाइनेछ ।
- वन्यजन्तु एवम् चराचुरुङ्गी संरक्षण, मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन तथा वन्यजन्तु चोरी शिकारी नियन्त्रणसम्बन्धी कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- मध्यवर्ती क्षेत्रमा वन्यजन्तु द्वन्द व्यवस्थापन अन्तरगत पर्खाल सहितको मेसजाली





निर्माणको कार्य सम्पन्न गरिनेछ ।

- सामुदायिक वन उपभोक्ता समूह/समितिसँगको सहकार्यमा जडिबुटी एवम् वन पैदावर उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कार्यहरू सञ्चालन गरिनेछ ।
- दिगो वन व्यवस्थापन विस्तार गर्दै वन तथा प्राकृतिक स्रोतमा आधारित उद्योग मार्फत आयात प्रतिस्थापन एवम् निर्यात प्रवर्द्धनको व्यवस्था गरिने र साथै जडिवुटी तथा गैरकाष्ठ वन पैदावरमा आधारित उद्यम स्थापनामा जोड दिंदै निजी वन उत्पादनलाई कृषि उपज सरह सरलीकृत गरिनेछ ।

**२०) लघु उद्योग एवम् स्थानीय बजार व्यवस्थापन**

- प्रदेश सरकार सँगको समन्वयमा वडा नं. १ लोकाहामा औद्योगिक क्षेत्र स्थापना र औद्योगिक पूर्वाधार विकासको कामलाई अगाडि बढाइनेछ ।
- लघु, साना एवम् मझौला उद्योगहरूको स्थापना र विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । युवा उद्यमीलाई प्रोत्सान गर्न युवा स्वावलम्वन कार्यक्रम अर्न्तगत हरेक बर्ष २ जान उद्यमीलाई सम्मान गरीनेछ ।
- स्थानीय व्यापार प्रवर्द्धन गर्न हाटबजार पूर्वाधारको विकास र व्यवस्थापनका लागि विशेष कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ ।
- सहकारी तथा निजी क्षेत्रसँगको लागत तथा व्यवस्थापन सहभागितामा स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा बजारीकरण सम्बन्धी कार्यहरू सम्पादन गरिनेछ ।
- विभिन्न समयमा आयोजना हुने व्यापार मेला, प्रदर्शनी तथा महोत्सवका लागि स्थानको व्यवस्था तथा ठूला सभा-सम्मेलन गर्नका लागि नगरको उपयुक्त स्थानमा सम्मेलन केन्द्रको स्थापना गरिनेछ ।

**२१) स्थानीय स्रोत-साधन तथा राजस्व परिचालन**

- प्रगतिशील कर निर्धारण गर्ने नीति अनुरुप करको दरमा वृद्धि नगरी कर लाग्ने क्षेत्रहरूको दायरा बढाइनेछ ।
- स्थानीय अधिकारका खानी तथा खनिज पदार्थको उत्खनन, संरक्षण एवम् परिचालन सम्बन्धी नीति तथा कानुनी व्यवस्था गरी सोको कार्यान्वयनद्धारा स्रोत व्यवस्थापन गरिनेछ ।

- स्थानीय तहलाई प्राप्त अधिकार अनुरूप स्थानीय कर, सेवा शुल्क तथा दस्तुर निर्धारण र परिचालनलाई प्रभावकारी बनाइनेछ एवम् राजस्व छलीमा नियन्त्रण गरिनेछ ।
- सूचना प्रविधिमा आधारित करदाताको विवरण तथा राजस्व सङ्कलन व्यवस्था,राजस्व परिचालनको दीर्घकालीन योजनातर्जुमा सोको कार्यान्वयन र नियमित मुल्याङ्कन गर्ने विधिको व्यवस्था गरिनेछ ।
- प्राकृतिक स्रोत, साधन र सेवा शुल्क रोयल्टी सङ्कलनको विधि, समन्वय तथा सहजीकरण गरिनेछ ।
- आवश्यक कानुन तर्जुमा गरी नगर स्थित केरूङ्गे खोला लगायत अन्य खोलाहरूको नदिजन्य पदार्थको उत्खनन् गरी स्रोत व्यवस्थापन गरिनेछ ।

**२२) नगरसभा सञ्चालन एवम् व्यवस्थापन**

- एकल अधिकार सूचीका निर्माण हुन बाँकी कानुन निर्माण गरिनेछ र विद्यमान कानुहरू आवश्यक्ता अनुसार संशोधन तथा परिमार्जन गरिनेछ ।
- साझा अधिकार तथा जिम्मेवारीका क्षेत्रमा सङ्घ तथा प्रदेशसँगको सहकार्यमा मौलिक हकलगायत जनसरोकारका क्षेत्रमा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व, खरिद, राजस्व परिचालन, प्राकृतिक स्रोत (जमिन, वनजङ्गल, जलस्रोत, आदि)को व्यवस्थापन सम्बन्धी कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- स्थानीय तहका विकासका प्रमुख मुद्दाहरूमा राजनैतिक सहमति र सहकार्यलाई जोड दिइनेछ ।
- नगर योजना आयोगको व्यवस्था गरी विधि सम्मत् नगरको बजेट निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।
- समयमै बजेट पास, सभाका समितिहरूको गठन तथा प्रभावकारी सञ्चालनका लागि स्पष्ट विधि र प्रक्रिया तय गरिनेछ ।

**२३) न्यायिक समिति एवम् मेलमिलाप र मध्यस्थताको व्यवस्थापन**

- सङ्घ तथा प्रदेशसँगको समन्वयमा न्यायिक समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउनका लागि आवश्यक पूर्वाधार निर्माण, समितिको क्षमता





विकास एवम् स्थानीय मेलमिलाप र मध्यस्थताको व्यवस्थापन गरिनेछ ।
- न्यायमा स्थानीय जनताको पहुँचमा सुनिश्चिता र छिटो छरितोपना ल्याउने गरी नीतिगत व्यवस्था गरिनेछ ।
- न्यायिक समितिका फैसलाहरूको कार्यान्वयन र सोको अनुगमनका लागि विशेष संयन्त्र तय गरिनेछ ।
- विपन्न तथा गरिबका लागि निःशुल्क कानुनी सेवाका लागि सहयोग रसहकार्यको व्यवस्था मिलाइनेछ ।
- मानव अधिकारको संरक्षण र मानव अधिकार हननको अवस्थाको अनुगमन र त्यसको कार्वाहीका लागि विशेष व्यवस्था गरिनेछ ।

**२४) स्थानीय अभिलेख व्यवस्थापन र सूचना प्रणाली**

- वडा तथा पालिकास्तरीय प्रोफाइल तयारी र नियमित रूपमा अद्यावधिक गर्ने प्रणालीको विकास गरिनेछ ।
- नवीनतम प्रविधिसहितको डिजिटल सूचना तथा अभिलेख प्रणालीको विकास तथासञ्चालन गरिनेछ ।
- सार्वजनिक एवम् सरकारी सम्पत्तिको अभिलेख सङ्कलन, संरक्षण र व्यवस्थापनमा विशेष जोड दिइनेछ ।
- भू-सूचना प्रणालीको विकास तथा व्यवस्थापनको प्रक्रिया अगाडि बढाइनेछ ।

**२५) पालिका तथा वडा कार्यालय व्यवस्थापन र सेवाप्रवाह**

- निर्माण हुन बाँकी ६, १३ र १६ नं. वडा कार्यालय भवन निर्माण कार्यलाई यथाशिघ्र सम्पन्न गरिनेछ ।
- नागरिक बडापत्र र सोको प्रभावकारी कार्यान्वयन एवम् अनुगमनको व्यवस्था मिलाइनेछ ।
- सूचना प्रविधिका माध्यमबाट सेवा प्रवाहको योजना, विद्युतीय माध्यमबाट सुशासन र सेवा प्रवाहको नियमित जानकारी सम्प्रेषण गरिनेछ ।
- भौगोलिक क्षेत्र, जनसङ्ख्या, गरिबी र विकासको अवस्थाका आधारमा वडातहमा बजेट विनियोजन गरिनेछ ।

**२६) संस्थागत संरचना, सुशासन र जनशक्ति व्यवस्थापन**

- सङ्गठन-व्यवस्थापन सर्वेक्षण र सङ्गठन संरचना तयार पारी जनशक्ति

व्यवस्थापन योजना र जनशक्ति परिचालन नीति तय गरी कार्यान्वयन गरिनेछ ।
- संस्थागत क्षमता अभिवृद्धि, कर्मचारी वृत्ति विकास, शासकीय प्रभावकारितालाई विशेष जोड दिइनेछ ।
- नगरपालिका, वडा कार्यालय र जनप्रतिनिधिहरूले सम्पादन गर्ने कार्यमा पारदर्शिता, जनसहभागिता,योजनावद्ध कार्यप्रणाली, उत्तरदाययपना, जवाफदेहिता, समानता र समावेशिता, प्रभावकारी कार्यसम्पादन, सदाचार, उच्च नैतिकता आदिको प्रत्याभूत हुने व्यवस्था मिलाइनेछ ।
- लेखाप्रणाली, लेखापरीक्षण र लेखासमितिको प्रभावकारी कार्य सम्पादन हुने व्यवस्था मिलाइनेछ ।
- नगर प्रहरी परिचालन र शान्ति सुरक्षामा सुधार गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ ।

**२७) सूचना तथा सञ्चार प्रणाली**

- १०० वाटसम्मका रेडियोको अनुमति तथा ५०० वाटसम्मका रेडियोको नवीकरण नगरबाटै हुने व्यवस्था मिलाइनेछ ।
- एफ. एम. रेडियो, पत्रपत्रिका, टेलिभिजन एवम् सामाजिक सञ्जालको सञ्चालन तथा अधिकतम प्रयोगमार्फत् जनचेतना, कृषिसेवा, मौसमको पूर्वानुमान, यातायात तथा ट्राफिक सूचना, बजार मूल्य, विपद् तथा महामारी विरूद्धसचेतना, तथा नगरपालिकाले गर्ने विकासको सम्प्रेषण गरिनेछ ।
- सूचनाको हकको प्रत्याभूति हुनेगरी सूचना अधिकारी र प्रवक्ताको व्यवस्था गरिनेछ ।
- नगरबासीलाई नगरको सूचनासँग जोड्न पालिकाभित्रका सञ्चार माध्यमहरूसँग सहकार्य गरी मिडिया प्रवर्द्धनलाई प्रोत्साहन गरिनेछ ।
- सार्वजनिक स्थलमा निःशुल्क इन्टरनेटको प्रबन्ध, वेबसाइटको नियमित अद्यावधिक गर्ने कार्य तथा सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोगमार्फत् सेवा प्रवाह गरिनेछ ।
- जिल्ला हुलाक कार्यालय स्थापना गर्न केन्द्र सरकारसँग समन्वय गरिनेछ ।
- हरेक वर्ष नगरको विकासका लागि कलम चलाउने एक जना मिडियाकर्मीलाई सम्मान गरिनेछ ।





**२८) विविध**

- कावासोती ३ मा रहेको गौशालालाई थप व्यवस्थित गरिनेछ ।
- प्रविधिमैत्री कार्यसंस्कार (E-Governance) विकासमा उच्च प्राथमिकता दिई शासन, विकास र सेवा प्रवाहमा लाग्ने समय र कार्य सम्पादनको स्तरमा अनुभूतियोग्य सुधार गरिनेछ ।
- जनताको अपेक्षा सम्बोधन गर्ने गरी सेवा प्रवाहमा सुधार र सबै राष्ट्रसेवक कर्मचारी नयाँ प्रविधि, ज्ञान, सीप र क्षमताको पूर्ण उपयोग हुने गरी संस्थागत र मानवीय क्षमतामा अभिवृद्धि गरिनेछ ।
- सेवा प्रवाह र विकास व्यवस्थापनमा निजी क्षेत्र र नगरिक समाजसँगको सहकार्य अभिवृद्धि गर्दै सेवा प्रवाहलाई पारदर्शी, जनमुखी, उत्तरदायी बनाउन नागरिक समाज लगायत बहु-सरोकारवालाहरूको निगरानी बढाइनेछ ।
- भ्रष्ट्राचार विरूद्ध शून्य सहनशीलताको नीति अवलम्वन गर्दै नियन्त्रणमा प्रवर्द्धनात्मक, निरोधात्मक र दण्डात्मक उपायहरू कडाइकासाथ अवलम्बन गरिनेछ ।
- नगरपालिकाबाट सम्पादन गरिने कार्यहरूमा पारदर्शीता, निष्पक्षता र प्रभावकारिता कायम गरी सोको उत्तरदायित्व वहन गर्दै जनताको घर दैलोमा सेवा पुऱ्याउने नीति अनुसारको व्यवहार गरिनेछ ।
- विकास निर्माण र सेवा प्रवाहमा आइपर्ने समस्याको तत्काल समाधान गर्न नगरपालिकामा एउटा संयन्त्र बनाई क्रियाशील बनाइनेछ ।
- नागरिकको गुनासो समयमा नै सङ्कलन र सम्बोधन गर्न कार्यविधि र कार्य प्रक्रियालाई सरलीकृत गर्ने र **"हेलो कावासोती"** नामक हट लाइन र मोवाइल एप निर्माण गरी नागरिक गुनासो / उजुरी सङ्कलन र त्यसको शीघ्र सम्बोधन हुने व्यवस्था गरिनेछ ।
- नगरपालिकाको काम कार्यवाहीलाई बढी मितव्ययी र सदाचारयुक्त बनाई जिम्मेवारी र उत्तरदायित्व स्पष्ट किटानी गर्ने प्रणालीको अवलम्बन गरी जवाफदेहिताको स्तरमा सुधार गरिनेछ ।
- लोपोन्मुख, सीमान्तीकृत, अल्पसङ्ख्यक, तेस्रो लिङ्गी र जोखिममा रहेका जाति तथा परिवारको संरक्षण र विकासमा जोड दिइनेछ ।
- बालबालिका, महिला, युवा, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित

समुदाय,जनजाति, मुस्लिम, बोटे, माझी, मुसहर लगायत पिछडा वर्ग, अल्पसङ्ख्यक समुदायलाई समावेशी अवधारणासहित मूल प्रवाहीकरणमा ल्याई सशक्तीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

- समाजमा क्रियाशील गैरसरकारी संस्थाहरू, सामुदायिक वन, सहकारी, जल उपभोक्ता समिति, खानेपानी, बजार समिति, टोल विकास समिति, भूपू संगठन, साँस्कृतिक समितिहरूको क्षमता वृद्धिमा सहयोग गरिनेछ ।
- लागू औषध दुर्व्यसन न्यूनीकरण तथा पुनःस्थापनाका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- समाजमा विद्यमान परम्परागत सीप तथा व्यवसायलाई प्रवर्द्धन गर्दै यसको आधुनिकीकरणमा जोड दिइनेछ ।

आदरणीय मतदाता महानुभावहरू !

मुलुकको वर्तमान सङ्क्रमणकालको सफल व्यवस्थापन गरी परिवर्तनको प्रक्रियालाई अगुवाइ गर्न राष्ट्रलाई सही विचार र सन्तुलित नेतृत्व आवश्यक छ । एक्काईसौं शताब्दीमा नेपाली विशेषताको समाजवाद निर्माण गर्ने दूरदृष्टि र वस्तुनिष्ठ कार्यक्रम नेकपा (एमाले) सँग मात्र छ । अनेकौं कठिन परिस्थितिका कठोर परीक्षाहरूमा सफलता प्राप्त गरेको, अनकौं कामहरूको अनुभव प्राप्त गरेको, जनतासित नङ र मासुजस्तै सम्बन्ध कायम गरेको, राष्ट्रको स्वतन्त्रता, सार्वभौमिकता र अखण्डताको रक्षाका निम्ति प्राणको बाजी लगाउन तयार भएको तथा सृजनात्मक क्षमताले ओतप्रोत नेतृत्वपुञ्ज पनि नेकपा (एमाले) सँग मात्र छ । त्यसैले सम्पूर्ण मतदाताहरूलाई आफ्नो अमूल्य मत राष्ट्र निर्माणमा समर्पित र प्रतिवद्ध नेकपा (एमाले) का सूर्य चिन्ह वाहक हाम्रा उम्मेद्वारलाई तथा हाम्रो पार्टीको पक्षमा आफ्नो अमूल्य मत प्रदान गरेर **"समृद्ध कावासोती-सुखी नगरवासी"** अभियानलाई साकार पार्न निर्णायक भूमिका खेल्नु हुन नेकपा (एमाले) कावासोती नगर कमिटी हार्दिक हार्दिक अपिल गर्दछ ।

हार्दिक अभिवादन सहित

निर्वाचन परिचालन कमिटी
नेपाल कम्युनिष्ट पार्टी (एमाले)
कावासोती नगरपालिका, नवलपुर



"सुखमा एमाले, दुःखमा एमाले, नागरिकको घर दैलोमा एमाले"